उच्च माध्यमिक शिक्षा परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

# प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क भर्ने नमूना फारम तथा परीक्षा आवेदन फारम भर्ने निर्देशन २०६७

उच्च माध्यमिक शिक्षा परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

फोन नं.: ६६३१३६२, ६६३१५९०
६६३१५८७, ६६३०८४८
फ्याक्स: ६६३०७४७, ६६३०५९८

# परीक्षा आवेदन फारम भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू

१. कक्षा ११ र कक्षा १२ को वार्षिक परीक्षाको लागि परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराएको परीक्षा आवेदन फाराम विद्यार्थीहरूबाट भराई प्रतिविद्यार्थी प्रतिकक्षा रू. ४५०।- का दरले जम्मा लाग्ने रकमको बैङ्क ड्राफ्ट वा बैङ्क भौचर बुँदा नं. १९ मा उल्लेख भए बमोजिम २०६....... माघ मसान्त भित्रकै मितिमा जम्मा गरी सो को बैङ्क ड्राफ्ट वा बैङ्क भौचरसाथ विद्यार्थीहरूको कक्षा ११ र कक्षा १२ नियमित तथा आंशिकको अलग अलग समष्टिगत विवरण तयारपारी परीक्षा आवेदन फाराम २०६....... फाल्गुन ७ गतेभित्र सिफारिससाथ परिषद्को जिल्ला स्थित कार्यालयमा पठाउनु पर्नेछ। (यदि कुनै विद्यार्थीले कक्षा ११ र कक्षा १२ दुवै कक्षाको परीक्षा दिनुपर्ने भएमा प्रतिविद्यार्थी प्रति कक्षा रू. ४५०।- का दरले रू. ९००।- तिर्नुपर्ने छ।)

२. माघ मसान्तभित्र फारम भर्न छुट भएका विद्यार्थीहरूलाई २०६....... फाल्गुन १५ गतेसम्मको म्याद दिई थप रू. ४५०।- विलम्ब शुल्क लिई परीक्षा आवेदन फारम भराउनु पर्नेछ र सो वापत बुझाउनुपर्ने बैङ्क ड्राफ्ट वा भौचर फाल्गुन १५ गतेभित्रकै हुनुपर्ने छ। उक्त विलम्ब शुल्क लिई भराइएका परीक्षा आवेदन फारामहरू फाल्गुन १५ गतेभित्र परिषद्को जिल्लास्थित कार्यालयमा अनिवार्य रूपमा बुझाउनु पर्नेछ।

३. विलम्ब शुल्क वापत बुझाउनु पर्ने थप दस्तुर प्रतिविद्यार्थी प्रतिकक्षा रू.४५०।- का दरले अनिवार्य रूपमा बुझाउनु पर्नेछ।

४. तोकिएको म्यादभित्र प्राप्त नभएका, त्रुटिपूर्ण भएका र परिषद्मा रजिष्ट्रेशन (नाम दर्ता) नगराइएका परीक्षा आवेदन फारम स्वीकृत हुने छैनन्। अस्वीकृत परीक्षा आवेदन फारमको सम्पूर्ण जिम्मेवारी सम्वन्धित उ.मा.वि./संस्थाको हुनेछ।

५. परीक्षा आवेदन फारममा विद्यार्थीको नाम, थर, जन्ममिति, रजिष्ट्रेशन नम्बर, परीक्षा दिने विषयहरू र विषय कोड नम्बर मिलेको छ छैन राम्रोसँग रूजु गरी प्राचार्यले प्रमाणित गरी पठाउनु पर्नेछ। आवेदन फारम रूजु गरिसकेपछि अनिवार्य रूपमा समष्टिगत आवेदन फारम भरी प्राचार्यले प्रमाणित गरी उ.मा.वि./संस्थाको छाप लगाई पठाउनु पर्नेछ।

६. परीक्षा आवेदन फारममा विद्यार्थीको नाम, थर, जन्ममिति लेख्दा एस्.एल्.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रमा उल्लेख भए अनुसार हुबहु हुनुपर्ने छ।

७. **परीक्षा आवेदन फारममा विद्यार्थीहरूले अनिवार्य रूपमा रजिष्ट्रेशन नम्बर भरेको हुनुपर्ने छ। साथै विद्यालयले भर्ने समष्टिगत विवरण फारममा समेत अनिवार्य रूपमा रजिष्ट्रेशन नम्बर उल्लेख गर्नुपर्ने छ।**

८. परीक्षा आवेदन फारमसाथ समष्टिगत आवेदन फारम र बैङ्क भौचर संलग्न गरी एकै पटक पठाउनु पर्नेछ।

९. विद्यार्थीहरूको परीक्षा आवेदन फारम भरी पठाउँदा अनिवार्य रूपमा **रजिष्ट्रेशन नम्बर अनुसार क्रमवद्ध मिलाई** निम्न वमोजिम फाइलिङ गरी पठाउनु पर्नेछ।

**नियमित तथा आंशिक**

(क) कक्षा ११ नियमित मात्रको फाइल नं. - १

(ख) कक्षा १२ नियमित फाइल नं. - १

(ग) कक्षा ११ आंशिक-१, कक्षा १२ को आंशिक-१ र कक्षा ११ र १२ दुवै आंशिक - १ गरी जम्मा फाइल नं. - ३

१०. परीक्षार्थीले जुनजुन विषयमा परीक्षा दिने हो सो विषयको मात्र परीक्षा आवेदन फारम भर्नुपर्ने छ। यदि परीक्षा आवेदन फारममा नभरेको विषयमा परीक्षा दिएमा उक्त विषयलाई मान्यता दिइने छैन।

११. कक्षा ११ का नियमित एवं आंशिक र कक्षा १२ का नियमित एवं आंशिक परीक्षार्थीहरूले परीक्षा आवेदन फारम भर्दा परीक्षा आवेदन फारमको माथिल्लो भागमा आफूले परीक्षा दिने अनिवार्य विषय, ऐच्छिक विषय र इच्छाधिन चतुर्थ विषयमा क्रमानुसार नाम लेख्नुपर्ने र तल्लो भागमा माथिल्लो भागमा लेखे अनुसारको विषय र सो विषयको कोड नम्वर समेत स्पष्ट रूपमा लेख्नु पर्नेछ। साथै Non Credit विषयको रूपमा परीक्षा दिने विषयलाई परीक्षा आवेदन फारम भर्दा परीक्षार्थीहरूले Non Credit महलमा उक्त विषय उल्लेख गर्नुपर्ने छ।

१२. रजिष्ट्रेशन नम्वर नलिएका वा परीक्षा आवेदन फारम नभरेका परीक्षार्थीले परीक्षा दिन पाउने छैनन्। दिएमा त्यस्ता परीक्षार्थीको सम्पूर्ण परीक्षा रद्द हुनेछ।

१३. सम्वन्धित प्राचार्यले प्रमाणित नगरेको परीक्षा आवेदन फारम स्वीकृत हुनेछैन।

१४. आंशिक परीक्षा दिने परीक्षार्थीहरूले अनुत्तीर्ण भएको मार्कसिटको प्रतिलिपि प्राचार्यबाट प्रमाणित गराई अनिवार्य रूपमा परीक्षा आवेदन फारमसाथ संलग्न गर्नुपर्ने छ।

**१५. कक्षा ११ का परीक्षार्थीहरूको रजिष्ट्रेशनसम्बन्धी लेजरमा यदि कुनै परीक्षार्थीको नाम, थर, जन्ममिति, बाबुको नाम, परीक्षा दिने विषयहरू र अन्य विवरणहरू फरक परेको भए रातो मसिले रेकर्ड सच्याई प्राचार्यबाट प्रमाणित गरी परीक्षा आवेदन फारम पठाउँदा उक्त सच्याइएको रजिष्ट्रेशनसम्बन्धी विवरण समेत अनिवार्य पठाउनु पर्नेछ।**

१६. परीक्षार्थीहरूले परीक्षा आवेदन फारम भर्दा उ.मा.शि. परिषद्, पाठ्यक्रम तथा प्रशिक्षण महाशाखाबाट जारी गरिएको "पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका २०५५ (परिमार्जित-२०६५)" अनिवार्य रूपमा पालना गर्नुपर्नेछ। निर्देशिकाको पालना नगरी विषयहरू फरक पर्न गएमा सो को सम्पूर्ण जिम्मेवारी सम्वन्धित विद्यालय/संस्था नै हुनेछ।

१७. परीक्षा आवेदन फारम भर्ने निर्देशिकामा उल्लिखित निर्देशनलाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

*१८. उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा संचालित उच्च माध्यमिक तह (कक्षा ११ र कक्षा १२) को वार्षिक परीक्षामा १००० पूर्णाङ्कको परीक्षा उत्तीर्ण भइसकेका परीक्षार्थीहरुले कक्षा ११ मा १०० पूर्णाङ्क वा कक्षा १२ मा १०० पूर्णाङ्क वा कक्षा ११ र १२ दुवैमा १००/१०० पूर्णाङ्कमा नबढ्ने गरी कुनै थप एक विषयमा परीक्षा दिन चाहेमा त्यस्ता परीक्षार्थीहरुले माईग्रेसन लिएको अवस्थामा सक्कलै माइग्रेसन र माईग्रेसन अन्य कुनै संस्थामा बुझाएको भए माईग्रेसन बुझाएको संस्थाबाट माईग्रेसन बुझिलिएको पत्र परीक्षा फारमसँगै संलग्न गरी सम्वन्धित विद्यालय मार्फत यस परीक्षा नियन्त्रण कार्यालयमा बुझाउनुपर्नेछ। यस्ता परीक्षार्थीहरुको परीक्षा आवेदन फारम शुल्क एक तहको लागि रु. ४५०/- का दरले तिरी २०६...... माघ मसान्तभित्र भराइसक्नुपर्नेछ। उक्त विषय परीक्षा आवेदन फारममा भर्दा Non Credit भनी उल्लेख गर्नुपर्नेछ।*

१९. परीक्षा आवेदन वापतको रकम सम्वन्धित उ.मा.वि./संस्थाले बैंक दाखिला गर्दा सम्बन्धित जिल्लास्थित उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालयमा सम्पर्क गरी तोकिएको बैंकमा रकम जम्मा गर्नुपर्नेछ।

उच्च माध्यमिक शिक्षा परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

फोन नं.: ६६३१३६२, ६६३१५९०
६६३१५८७, ६६३०८४८
फ्याक्स: ६६३०७४७, ६६३०५९८

## प्रयोगात्मक परीक्षा हुने विषयको मूल्याङ्कन सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू

१. सम्बन्धित उ.मा.वि. हरूले प्रत्येक वर्षको चैत्र मसान्तभित्र प्रयोगात्मक परीक्षा हुने (Geography (118/218) XI XII, Instructional Pedagogy (136) XI, Health and Physical Education (144/244) XI/XII, Population Education (146/246) XI/XII, Sociology (172/272) XI/XII, Mass Communication(262) XII, Rural Development (302/602) XI/XII, Environmental Education (308/608) XI/XII, Primary Education (914) XII, Practicum (920) (Practice Teaching/Case Study XII), Special Need Education (934) XII, Food and Nutrition (940) XII) विषयहरुमध्ये आफ्नो विद्यालयमा सञ्चालन भएका विषयहरूको प्रयोगात्मक परीक्षा सञ्चालन गरी अनिवार्य रूपले प्राप्ताङ्क वैशाख १५ गतेभित्र परिषद्को सम्बन्धित जिल्लास्थित कार्यालयमा पठाउनु पर्नेछ । यसको लागि आन्तरिक परीक्षक सम्बन्धित विद्यालयको विषय शिक्षक र वाह्य परीक्षकको हकमा सम्बन्धित विद्यालयको विषय शिक्षक वाहेक सम्बन्धित विषयमा स्नातकोत्तर भएको शिक्षकलाई सम्बन्धित उ.मा.वि./संस्थाले नियुक्ति गर्न सक्ने छ र सो को जानकारी परीक्षा नियन्त्रण कार्यालय वा सम्बन्धित जिल्लास्थित कार्यालयलाई गराउनु पर्नेछ । आवश्यक प्रयोगात्मक मूल्याङ्कन फारामहरूको नमूना यसैसाथ पठाइएको छ । उक्त फारामहरूमा उल्लेख भए अनुसारका सम्पूर्ण विवरणहरू भरी पठाउनु पर्नेछ ।

२. प्रयोगात्मक विषयको परीक्षाको लागि उत्तरपुस्तिका सम्बन्धित विद्यालयले नै उपलब्ध गराउनुपर्ने छ ।

३. सि.नं. १ मा उल्लेख गरिएका प्रयोगात्मक विषयको प्राप्ताङ्क भरी पठाउँदा **विद्यार्थीको रजिष्ट्रेशन नं. अनुसार क्रमबद्ध मिलाएर** फारममा भरी नियमित तथा आंशिक परीक्षार्थीको अलग-अलग पठाउनु पर्नेछ, साथै आन्तरिक तथा वाह्य परीक्षकको नियुक्ति पत्रको वोधार्थ समेत सँगै पठाउनु पर्नेछ ।

४. सि.नं. १ मा उल्लेख गरिएका प्रयोगात्मक विषयहरूको आन्तरिक तथा वाह्य परीक्षकको पारिश्रमिक भुक्तानी गर्दा परीक्षा आवेदन फाराम भर्दा परीक्षा हुने प्रत्येक विषको रु. ५०।- का दरले प्राप्त हुने शुल्क विद्यालयमा नै राखी विद्यालयमार्फत नै भुक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

५. कक्षा ११ मा Teaching Mathematics, Teaching Nepali र Teaching English मध्ये कुनै २ विषय लिएका वा Instructional Pedagogy र Introduction to Education विषय लिएका विद्यार्थीहरूले कक्षा १२ को Practicum अन्तर्गत Practice Teaching गर्नु पर्दछ । साथै कक्षा ११ मा Physics Education र Biology Education अध्ययन गर्ने विद्यार्थीले कक्षा १२ मा Chemistry Education र Teaching Science एवं Teaching Health & Environment Science लिनुपर्नेछ ।

६. Physics, Chemistry, Biology, Hotel Management, Travel & Tourism, OMSP, Dance, Music, Agriculture, Home Science, Computer Science, General Science, Physics Education, Chemistry Education, Biology Education, Jyotish, Painting, Veda, Applied Arts, Sculputure, History of Arts मध्ये आफ्नो विद्यालयमा सञ्चालन भएका विषयहरूको प्रयोगात्मक परीक्षा वार्षिक परीक्षा समाप्त भएको मितिले २ (दुई) हप्ताभित्र सम्पन्न गरी तेस्रो हप्ताभित्र सो परीक्षाको प्राप्ताङ्क सम्बन्धित जिल्लास्थित कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । यस परीक्षाको लागि-आन्तरिक परीक्षक सम्बन्धित विद्यालयले व्यवस्था गर्नेछ र वाह्यपरीक्षक परिषद्को सम्बन्धित जिल्लास्थित कार्यालयबाट नियुक्त गरिने छ । उक्त परीक्षाको समय तालिका सम्बन्धमा सम्बन्धित उ.मा.वि.का प्राचार्यले परीक्षा नियन्त्रण कार्यालयसँग सम्पर्क गरी तय गर्नु पर्नेछ । परीक्षा आदेवन फाराम भर्दा परीक्षा हुने प्रत्येक विषयको रु. ५०।- का दरले प्राप्त हुने शुल्क मध्ये रु. २०।- विद्यालयमा नै राखी आन्तरिक परीक्षकलाई विद्यालयले भुक्तानी गर्ने व्यवस्था गर्नुपर्नेछ । प्रत्येक विषयको बाँकी रु. ३०।- विद्यालयले परिषद्को खातामा जम्मा गर्नुपर्नेछ जुन रकमबाट परिषद्को जिल्लास्थित कार्यालयहरुले आफूले नियुक्त गरेको बाह्य परीक्षकलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

७. **तोकिएको कार्यक्रमअनुसार प्रयोगात्मक परीक्षामा अनुपस्थित हुने विद्यार्थीहरूलाई छुट भएको भनी पछि प्रयोगात्मक परीक्षा लिन पाइने छैन । त्यस्ता विद्यार्थीहरूले अर्को वर्ष मात्र प्रयोगात्मक परीक्षा दिनुपर्ने छ ।**

८. परीक्षा नियन्त्रण कार्यालयबाट पठाइएको नमूना अनुसारको फारममा उल्लेख भए अनुसारका विवरणहरू खुलाई प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क भरी पठाउनुपर्ने छ । प्राप्ताङ्क चढाउँदा विद्यार्थीको नाम, रजिष्ट्रेशन नं., सिम्वल नं. रुजु गरी प्राप्ताङ्क चढाउनुपर्ने छ । कुनै कारणवस प्राप्ताङ्कमा केरमेट गर्नुपर्ने भएमा एकपटक मात्र काटी दुबैतर्फ हस्ताक्षर गरी पठाउनुपर्ने छ । टिपेक्सको प्रयोग गर्न पाइने छैन ।

९. यदि समयमै प्रयोगात्मक विषयका प्राप्ताङ्कहरू प्राप्त हुन नआई नतिजा स्थगित भएमा सोका लागि सम्बन्धित उ.मा.वि./संस्था नै स्वयं जवाफदेही हुनेछ ।

१०. सि.नं. ७ मा उल्लेख गरिएका प्रयोगात्मक विषयको प्राप्ताङ्क भरी पठाउँदा **विद्यार्थीको सिम्बल नं. र रजिष्ट्रेशन नं. अनुसार क्रमबद्ध मिलाएर** फाराममा भरी नियमित तथा आंशिकको अलग-अलग पठाउनु पर्नेछ ।

*****

**Higher Secondary Education Board**
**Office of The Controller of Examinations**
**Sanothimi, Bhaktapur**

# Subject wise Distribution of Theoretical & Practical Marks

| S. N. | Subjects | Subject Code | Grade XI | | Grade XII | | Page |
|---|---|---|---|---|---|---|---|
| | | | Theory | Practical | Theory | Practical | |
| 1. | Physics | 110/210 | 75 | 25 | 75 | 25 | 7 |
| 2. | Chemistry | 112/212 | 75 | 25 | 75 | 25 | 8 |
| 3. | Biology | 114/214 | 75 | 25 | 75 | 25 | 9 |
| 4. | Geography | 118/218 | 75 | 25 | 75 | 25 | 10 |
| 5. | Computer Science | 130/230 | 75 | 25 | 75 | 25 | 11 |
| 6. | Instructional Pedagogy | 136 | 40 | 10 | - | - | 12 |
| 7. | Health & Physical Education | 144/244 | 75 | 25 | 50 | 50 | 13-14 |
| 8. | Population Studies | 146/246 | 80 | 20 | 80 | 20 | 15 |
| 9. | Dance | 150/250 | 25 | 75 | 25 | 75 | 16 |
| 10. | Music | 154/254 | 75 | 25 | 75 | 25 | 17 |
| 11. | Mass Communication | 162/262 | 100 | - | 80 | 20 | 18 |
| 12. | Home Science | 164/264 | 75 | 25 | 75 | 25 | 19 |
| 13. | Hotel Management | 170/270 | 75 | 25 | 75 | 25 | 20 |
| 14. | Sociology | 172/272 | 80 | 20 | 80 | 20 | 21 |
| 15. | Travel & Tourism | 174/274 | 75 | 25 | 50 | 50 | 22-23 |
| 16. | Agriculture | 178/278 | 75 | 25 | 75 | 25 | 24 |
| 17. | Physics Education | 192 | 75 | 25 | - | - | 25 |
| 18. | Biology Education | 194 | 75 | 25 | - | - | 26 |
| 19. | OMSP | 228 | - | - | 75 | 25 | 27 |
| 20. | Rural Development | 302/602 | 80 | 20 | 80 | 20 | 28 |
| 21. | Environmental Education | 308/608 | 90 | 10 | 90 | 10 | 29 |
| 22. | Jyotish | 312 | 80 | 20 | - | - | 30 |
| 23. | Veda | 318 | 75 | 25 | 75 | 25 | 31 |
| 24. | Sculputure | 324 | 25 | 75 | 25 | 75 | 32 |
| 25. | Painting | 326 | 25 | 75 | 25 | 75 | 33 |
| 26. | Applied Arts | 330 | 25 | 75 | 25 | 75 | 34 |
| 27. | Primary Education | 914 | - | - | 80 | 20 | 35 |
| 28. | Practicum (Case Study/ Practice Teaching) | 920 | - | - | - | 50 | 36-37 |
| 29. | General Science | 928 | - | - | 75 | 25 | 38 |
| 30. | Special Needs Education | 934 | - | - | 80 | 20 | 39 |
| 31. | Food and Nutrition | 940 | - | - | 80 | 20 | 40 |
| 32. | Chemistry Education | 942 | - | - | 75 | 25 | 41 |
| 33. | History of Arts | 944 | - | - | 75 | 25 | 42 |

केन्द्रको कोड नं. [ ]

उच्च माध्यमिक शिक्षा परिषद्
परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

फोन नं. : ६६३१३६२, ६६३१५९०
६६३१५८७, ६६३०८४८
फ्याक्स : ६६३०७४७, ६६३०५९८

# परीक्षार्थीको समष्टिगत हाजिरी फाराम
## कक्षा ११/१२ नियमित/आंशिक

केन्द्रको नाम र ठेगाना:

साल:

| क्र.सं. | सिम्बोल नं. | रजिष्ट्रेसन नम्बर | विद्यार्थीको नाम, थर | परीक्षा दिएका विषयहरु | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अनिवार्य विषयहरु | | विषय कोड (परीक्षा मिति अनुसार विषय कोड उल्लेख गर्नुहोला) | | | | | | | | | | Non Credit | |
| | | | | अ. अङ्ग्रेजी | अ. नेपाली | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | जम्मा: | | | | | | | | | | | | | | | | |
| | कूल जम्मा: | | | | | | | | | | | | | | | | |

उ.मा.वि./संस्थाको छाप

केन्द्राध्यक्षको हस्ताक्षरः–
नामः–
मितिः–

द्रष्टव्यः
१) केन्द्राध्यक्षले यो फारम अनिवार्य रुपमा भर्नुपर्नेछ ।
२) सिम्बोल नं. क्रमिक रुपमा लेख्नुपर्नेछ ।
३) परीक्षा भएको प्रत्यैक दिन परीक्षार्थीको सिम्वोल नं. अनुसार उ.पु. मिलाई सकेपछि परीक्षा दिएको मितिअनुसार परीक्षा दिएको विद्यार्थीको विषयको कोड नं. माथि उल्लिखित महलमा भर्नुपर्नेछ ।
४) कुनै परीक्षार्थी अनुपस्थित भएमा वा उत्तरपुस्तिका नबुझाई वा आफूखुशी च्याति गएमा वा परीक्षाबाट निष्कासित गरेको भए वा कुनै कैफियत भए कैफियत महलमा सो कुरा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
५) यो फारम २ प्रति तयार गरी १ प्रति परीक्षा समाप्त भएको अन्तिम दिन परीक्षार्थीको हाजिरी साथ प.नि.का./परिषद्को जिल्लास्थित कार्यालयमा पठाउनु पर्नेछ भने अर्को प्रति परीक्षा केन्द्रमा रेकर्डको लागि राख्नुपर्नेछ ।